जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक १२३ २०७९ साल मंसिर २६ गते सोमबार (12 Dec. 2022 Monday) मूल्य रु. ५/-


## डेंगीबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।


**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : लैङ्गिक हिंसाविरुद्धको १६.. ३ पृष्ठमा : प्रतिनिधिसभाको समानुपातिकमा कांग्रेसका ३ पृष्ठमा : जर्सी टापुमा विस्फोट :..


# आगलागीका घटना हुन नदिन बारे सचेतनाका साथै राहत पनि बितरण गर्दै धर्मीहल्फा




**दैनिक समाचारदाता**
**राजविराज, २५ मंसिर ।**

सामाजिक क्षेत्रमा क्रियाशील धर्मी हल्फा महिला विकास क्लब सप्तरीले आगलागिका घटना हुन नदिन सचेतना फैलाउनुका साथै राहत बितरण कार्यक्रमलाई तिब्र बनाएको छ ।

आवश्यक सावधानी नअपनाउँदा जिल्लाको ग्रामिण क्षेत्रमा आगलागीले एक पछी अर्को घर सखाफ हुने घट्ना बढ्दै गएपछी सो संस्थाले सचेतनासंगै राहत वितरण कार्यलाई पनि तीव्र बनाएको हो ।

यसैक्रममा आइतवार सो क्लबले आगलागीबाट घरवारविहीन भएकी सप्तरीको डाक्नेश्वरी नगरपालिका ६ की एकल महिला ६० वर्षिया खोतोजा खातुनलाई प्रारम्भिक राहत स्वरुप त्रिपाल, तन्ना, भाडाँकुडा, लत्ताकडा लगायतका सामाग्री पदान गरेको छ ।

पीडितको घर आँगन मै पुगी क्लबका अध्यक्ष इन्जिनीयर सूर्यनारायण यादवले उक्त राहत सामाग्री प्रदान गरेका हुन् । तीन दिन अघि भएको आगलागीबाट उनी बस्ने घरका साथै खाद्यन्न, लताकपडा, भाडाकुडा लगायतका सामाग्री जलेर नष्ट हुँदा विचल्लीमा परेकी थिइन ।

दुई महिना यता अध्यक्ष इ.यादवले जिल्लाको बोदे बर्साइन नगरपालिका, खडक नगरपालिका, तिरहुत गाउँपालिका, महादेवा गाउँपालिका, अग्निसाइर कृष्णा सवरण गाउँपालिका र डाक्नेश्वर नगरपालिका लगायतका आधा दर्जन स्थानमा भएको आगलागीका घट्नाबाट पीडित भएकाहरुको घरमै पुगी राहत बाँडेका छन् ।

उनले राहत बाड्ने काम मात्रै गरेका छैनन । आगलागीका घटना हुन नदिन अपनाउनु पर्ने सावधानी तथा आगलागी भइहाले क्षति न्यूनिकरणका लागी अपनाउनु पर्ने उपायबारे समेत सचेतना दिने गरेका छन् ।

राहत वितरण स्थलमा उपस्थित भएका पीडित तथा आसपासका वासिन्दालाई अध्यक्ष यादवले आगलागी पुर्व र आगलागी पछिको सांकेतिक अभ्यास मार्फत पुर्वतयारीका लागी के-के गर्नु पर्ने रहेछ भन्ने ज्ञान समेत बाँडने गरेका छन् ।

विपद बाजा बजाएर नआउने बताउने गरेका उनले सप्तरी आगलागीका लागी जोखिमयुक्त जिल्लामा पर्ने भएकाले आगालगीको समयमा मानवीय र भौतिक क्षति न्युनिकरणका लागी राहत संगै सचेतना दिने गरेको बताए ।

सप्तरीमा गत आर्थिक वर्ष २०७८/०७९ मा आगलागीका १ सय ७७ घट्ना भएका थिए । जसबाट करिब ३ करोड ५५ लाख ७४ हजार ९ सय रुपैया बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयको तथ्याँकले देखाएको छ ।

यस्तै चालु आ.व.२०७९/८० को हाल सम्मको अवधीमा आगलागीका १८ वटा घट्ना भई १ करोड भन्दा बढीको क्षति भएको प्रहरीको प्रारम्भिक अनुमान छ ।

# लागु औषध मुद्दाका फरार प्रतिवादी रोमा पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, २५ मंसिर ।**

लागु औषध मुद्दामा अदालतबाट कैद सजाय तोकिएपछी फरार रहेकी एक महिला पक्राउ परेकी छिन् ।

पक्राउ परेकी सप्तरीको सुरुङ्गा नगरपालिका १ निवासी ३२ वर्षिया रोमा कुमारी विश्वकर्मालाई आईतवार अदालतमा उपस्थित गराउँदा आदेशानुसार कैद सजाय भुक्तानका लागी राजविराज कारागार चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

२०७८ साल असार २० गते भारतीय सीमा संग जोडिएको सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १४ स्थित सडक खण्डमा चेक जाँचको क्रममा उनी लागु औषध सहित पक्राउ परेकी थिइन ।

सशस्त्र प्रहरी हबल्दार विनोद कुमार मण्डल नेतृत्वको टोलीले


***बाँकी दुई पृष्ठमा***


# मधेस प्रदेशसभामा १० दलको प्रतिनिधित्व

जनकपुरधाम, २५ मङ्सिर (रासस) ।

मधेस प्रदेशसभामा १० राजनीतिक दलको प्रतिनिधित्व हुने भएको छ । मङ्सिर ४ मा सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनबाट प्रदेशसभामा १० राजनीतिक दलको प्रतिनिधित्व हुने भएको हो ।

कुल एक सय सात सदस्य रहेको प्रदेशसभामा नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), जनता समाजवादी पार्टी, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, नेकपा (एकीकृत समाजवादी), राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल सङ्घीय समाजवादी पार्टी र नागरिक उन्मुक्ति पार्टीको प्रतिनिधित्व हुने भएको हो ।

मधेस प्रदेशमा प्रत्यक्षतर्फ १५ सिट जितेर पहिलो दल बनेको एमालेले समानुपातिकमा आठ सिट थपेर २३ सिट पुऱ्याएको छ भने प्रत्यक्षमा १३ सिट जितेको कांग्रेसले समानुपातिकतर्फ नौ सिट थपेर २२ सिट पुऱ्याएर दोस्रो दल बनेको छ ।

विसं २०७४ को निर्वाचनमा मधेस प्रदेशसभामा पहिलो दल बनेको जसपा यसपालि प्रदेशसभामा तेस्रो दलमा सीमित भएको छ । जसपाले प्रत्यक्षतर्फ नौ र समानुपातिकमा सातसहित १६ सिट जितेको निर्वाचन आयोगले जनाएको छ ।

डा सिके राउत नेतृत्वको जनमत पार्टीले मधेस प्रदेशमा प्रत्यक्षतर्फ छ सिट र समानुपातिकमा सात गरी १३ सिटसहित मधेस प्रदेशसभामा चौथो दलका रूपमा स्थापित भएको छ । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) भने पाँचौं दल बनेको छ । प्रत्यक्षतर्फ सात सिट जितेको लोसपाले


***बाँकी अन्तिम पृष्ठमा***



## जग्गा बिक्रिमा

राजविराज वडा नं. ६ थानगाछी स्कुलको दक्षिण पट्टीको जग्गा विक्रीमा छ। जग्गाको तिनै भागमा १२ फिटको बाटो भएको घर सहितको जग्गा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सम्पर्क नं. ०३१-५३०४३४**

## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार



## तपाईकै सहर राजविराजमा



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

**पुष मसान्तसम्म फेको प्रविधिद्वारा मोतिबिन्दुको शल्यक्रियामा २०% छुट तथा ज्येष्ठ नागरिकहरुका लागि OPD FEE निःशुल्क**

*हाम्रा विशेषताहरु*

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

# भुसाल र साह एमालेबाट निष्कासित

काठमाडौं, २५ मङ्सिर (रासस)। नेकपा (एमाले)ले स्थायी कमिटी सदस्य घनश्याम भुसाल र प्रभु साहलाई पार्टीबाट निस्कासन गरेको छ।

शनिबार ललितपुरको च्यासलस्थित पार्टी मुख्यालयमा बसेको सचिवालय बैठकले निर्वाचनमा पार्टी गतिविधिविरुद्ध काम गरेको भन्दै भुसाल र साहलाई पार्टीबाट हटाएको एमाले प्रचार विभाग प्रमुख पृथ्वीसुब्बा गुरुङले जानकारी दिनुभयो।

यस्तै पार्टीले उपेन्द्र साह (रौतहट), कुन्दन कुसवाह (रौतहट) रामप्रित राम (सिराहा), बद्री न्यौपाने (सर्लाही), रीता साह (सर्लाही), गङ्गा चौधरी (दाङ) र टेकबहादुर बलम्पाखी (महोत्तरी)लाई पनि केन्द्रीय सदस्यबाट निष्काशन गरिएको उहाँले जानकारी दिनुभयो।

पार्टीका केन्द्रीय सल्लाहकार ताप्लेजुङका वाङ्दे शेर्पा, कञ्चनपुरका खेम सुवेदी र भक्तबहादुर अधिकारी तथा कैलालीका लक्ष्मी शाह तथा पार्टीको समानुपातिक सूचीमा भएर पार्टीविरोधी गतिविधिमा रहेको भन्दै जैतुन खातुनलाई पनि कारवाही गरिएको गुरुङले जानकारी दिनुभयो।

# लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान

काठमाडौं, २५ मङ्सिर (रासस)। लैङ्गिक हिंसाका गतिविधि नियन्त्रण गर्ने अभियानस्वरुप लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान सुरु गरिएको हो। विश्वव्यापीरूपमा २५ नोभम्बरदेखि १० डिसेम्बरसम्म मनाइने यो अभियान नेपालमा विसं २०५४ देखि मनाउन थालिएको थियो।

अभियान अवधिमा राष्ट्रिय महिला आयोगले मङ्सिर ९ मा लैङ्गिक हिंसाविरुद्धको अन्तर्राष्ट्रिय दिवस मनाएको थियो भने मधेस प्रदेशमा लैङ्गिक हिंसा नियन्त्रणसम्बन्धी दुईदिने कार्यशाला आयोजनालगायतका काम गरेको थियो।

साथै रेडियो नेपाल र नेपाल टेलिभिजनबाट लैङ्गिक हिंसा निवारण र महिला सशक्तीकरणसम्बन्धी विशेष कार्यक्रम प्रसारण, वार्षिक कार्यक्रमअन्तर्गत लैङ्गिक हिंसा न्यूनीकरणसम्बन्धी कार्यक्रम केन्द्र, प्रदेश र जिल्लास्तरमा सञ्चालन गरिएको आयोगका सचिव कविराज पौडेलले बताउनुभयो।

**लैङ्गिक हिंसा भनेको के हो त ?**

एउटा लैङ्गिक वर्गको व्यक्तिले अर्को लैङ्गिक वर्गको व्यक्तिलाई आफ्नो अधिनमा राख्न वा प्रभावमा पार्न गरिने उत्पीडनलाई लैङ्गिक हिंसा भनिन्छ। लैङ्गिक हिंसा महिला र पुरुषबीच असमान शक्ति सम्बन्धस्वरुप सिर्जित आपराधिक कार्य र मानवअधिकारको घोर उल्लङ्घन हो। शारीरिक, यौनजन्य, मानसिक, सामाजिक, सांस्कृतिक र आर्थिक हिंसा लैङ्गिक हिंसाका स्वरुप हुन्।

**किन चलाइन्छ १६ दिने अभियान ?**

लैङ्गिक हिंसा मानवअधिकारको हनन हो भन्ने विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपमा जनचेतना विस्तार गर्न, लैङ्गिक हिंसाविरुद्धमा पुरुषको सहकार्यलाई अभिवृद्धि गर्ने, लैङ्गिक समानता तथा सामाजिक न्यायका क्षेत्रमा काम गर्ने विश्वका विभिन्न निकाय अर्थात् अधिकारकर्मीबीच ऐक्यबद्धता जाहेर गर्न, लैङ्गिक हिंसाका विविध आयामहरूमा रणनीतिक छलफल गर्न यो अभियान सञ्चालन हुने गरेको आयोगले जनाएको छ।

अभियानमा चेतना जागरण तथा पैरवी, अध्ययन अनुसन्धान, उजुरी व्यवस्थापन तथा सेवा प्रवाह, सुझाव तथा सिफारिस र समन्वय र सहकार्य गर्ने मुख्य कार्यक्षेत्र रहेको आयोगले जनाएको छ।

आयोगले विसं २०७९ साउन १ देखि कात्तिक ३० सम्ममा घरेलु हिंसा तीन सय १६ र महिला हिंसा ३१ गरी जम्मा तीन सय ४७ उजुरी दर्ता भएको जनाएको छ। जसमा सबैभन्दा बढी बागमती प्रदेशमा जम्मा दुई सय ९५, सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा दुई रहेका छन्।

त्यसैगरी प्रदेश नं १ मा आठ, मधेस प्रदेशमा १४, गण्डकी प्रदेशमा छ, लुम्बिनी प्रदेशमा पाँच कर्णालीमा तीन र प्रदेश उल्लेख नभएकामा १४ उजुरी दर्ता भएका छन्।

# सुनको मूल्य प्रतितोला रु एक लाख पाँच सय

काठमाडौं, २५ मङ्सिर (रासस)। नेपाली सुनचाँदी बजारमा आज छापावाल सुनको मूल्य अघिल्लो कारोबार दिनका तुलनामा प्रतितोला रु दुई सयले बढेर रु एक लाख पाँच सय पुगेको छ। अघिल्लो दिन प्रतितोला रु एक लाख तीन सयमा कारोबार भएको थियो।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरणअनुसार आज तेजाबी सुनको मूल्य प्रतितोला रु एक लाख छ। यसको मूल्य अघिल्लो दिन प्रतितोला रु ९९ हजार आठ सय थियो।

त्यस्तै चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा आज प्रतितोला रु १०ले बढेर रु एक हजार चार सय पुगेको महासङ्घले जनाएको छ।

**किन हुन्छ सुन चाँदीको मूल्य घटबढ ?**

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अध्यक्ष मणिकरत्न शाक्यका अनुसार नेपाली बजारमा सुन तथा चाँदीको मूल्य घटबढ हुनुमा अन्तर्राष्ट्रिय बजारमा सुन तथा चाँदीको मूल्यमा हुने उतारचढाव प्रमुख कारण रहेको बताउनु हुन्छ।

"सुनचाँदीको अन्तर्राष्ट्रिय बजारको कारोबार मूल्य र डलरमा हुने घटबढका आधारमा नेपाली बजारमा सुनचाँदीको मूल्य तोकिने गरेको छ", अध्यक्ष शाक्यले भन्नुभयो। हाल अन्तर्राष्ट्रिय बजारमा सुन प्रतिऔंस एक हजार सात सय ९७ दशमलव ३५ डलरमा कारोबार भइरहेको छ।

# स्थानीय तहले जनउत्तरदायी लोकतान्त्रिक अभ्यासलाई सबलीकरण गरेको छ : प्रम देउवा

काठमाडौं, २५ मङ्सिर (रासस)। प्रधानमन्त्री शेरबहादुर देउवाले स्थानीय तहमा नयाँ जनप्रतिनिधिले कार्यभार सम्हालेसँगै यसले मुलुकमा जनउत्तरदायी लोकतान्त्रिक अभ्यासलाई थप सबलीकरण गरेको बताउनुभएको छ।

गाउँपालिका राष्ट्रिय महासङ्घको तेस्रो महाधिवेशनको उद्घाटन समारोहमा आइतबार उहाँले अबको प्राथमिकता सङ्घीयता र लोकतन्त्रको आधारस्तम्भका रूपमा रहेको स्थानीय सरकारको सबलीकरण गरी नागरिकमा सुशासन र विकासको अनुभूति गराउने हुनुपर्नेमा जोड दिनुभयो।

प्रधानमन्त्री देउवाले भन्नुभयो, "संविधानको साझा अधिकारको सूचीमा रहेका केही द्विविधा र अस्पष्टतालाई थप स्पष्ट गर्दै सङ्घीयताको सफल कार्यान्वयनमा अघि बढ्न हामी सबै एकजुट हुन आवश्यक छ, सङ्घीय सरकारले तदारुकता देखाइ प्रदेश र स्थानीय तहलाई क्रमशः कानुन बनाउन तथा कार्यान्वयनमा उतार्न सहजीकरण गर्नुपर्ने खाँचो छ, पुराना कानुनलाई संविधान अनुकूल बनाउन तथा निजामती सेवा, शिक्षा, कृषि, स्वास्थ्यलगायतका विषयगत क्षेत्रका अत्यन्तै महत्वपूर्ण कानुन तत्काल जारी गर्ने प्रयासलाई प्राथमिकता दिनुपर्ने स्थिति छ।"

स्थानीय तहले संरचनात्मक सुधार, सुदृढ आन्तरिक नियन्त्रण प्रणाली, सेवा प्रणालीमा नवीन प्रविधिको प्रयोग, सम्पत्ति र दायित्वबीचको सन्तुलन, सेवाग्राही केन्द्रित योजना, विकेन्द्रीकरण, तालिम एवं अनुसन्धान तथा नयाँ बजारीकरण रणनीति जस्ता सुधारका विधि अवलम्बन गरी अगाडि बढेमा सुशासनलाई स्थानीय तहमा संस्थागत गर्न सहयोग पुग्ने उहाँको भनाइ थियो।

उहाँले सेवा प्रवाहसम्बन्धी कानुन, कार्यविधि, मापदण्ड निर्माण गरी जारी गर्ने र सोहीबमोजिम नागरिक बडापत्र कार्यान्वयनमा ल्याउने, सेवाग्राही र सेवा प्रदायक निकायबीच सुमधुरसम्बन्ध विकास गरे संस्थागत सुशासनमा ठोस योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो।

प्रधानमन्त्री देउवाले भन्नुभयो, "हरेक स्थानीय तहमा दिगो विकास लक्ष्यअनुरूपका योजना तर्जुमालाई प्राथमिकता दिएर लक्ष्य प्राप्तितर्फ उन्मुख भएर देशका शिक्षित युवा जनशक्तिलाई देशभित्रै रोजगारीको अवसर सिर्जना गर्नु, जनप्रतिनिधि, कर्मचारी तथा स्थानीय जनतामा बहस, छलफल तथा अन्तरक्रिया हुनु आवश्यक देखिन्छ।"

उहाँले अपार प्राकृतिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, उपयोग र प्रवर्द्धन, सीपमूलक शिक्षा प्रवाह, वातावरण संरक्षण जस्ता विषयमा स्थानीय सरकारको भूमिका बढाउँदै मुलुकमा व्याप्त गरिबी तथा बेरोजगारीको अन्त्य गर्नुपर्नेमा जोड दिनुभयो।

महासङ्घ नेपालभरिका चार सय ६० गाउँपालिकाको छाता सङ्गठन हो। तीन दिनसम्म चल्ने महासङ्घको महाधिवेशन प्रतिनिधिका रुपमा देशभरिका गाउँपालिकाबाट निर्वाचित अध्यक्ष, उपाध्यक्ष र हरेक जिल्लाबाट एक जना वडाअध्यक्ष वा सदस्य रहने व्यवस्था छ। महाधिवेशनबाट पाँच वर्षका लागि ३७ सदस्यीय केन्द्रीय कार्यसमिति निर्वाचित हुने व्यवस्था छ।

## *लागु...*

उनको साथबाट प्रतिबन्धित लागु औषध एसपास्मोप्रोसिभन क्याप्सुल १४४ थान र नाईट्रोसन ट्याब्लेट २० थान बरामद गरेको थियो।

प्रहरीले उनी उपर लागु औषध मुद्दामा कानुनी प्रक्रिया अघि बढाउँदा सप्तरी जिल्ला अदालतले २०७८ साल चैत २३ गते १ लाख जरिवाना तथा २ वर्ष कैद सजायको फैसला गरेको थियो। फैसला लगत्तै फरार भएकी विश्वकर्मालाई अघिल्लो दिन प्रहरीले राजविराज नगरपालिका ६ स्थित एक घर नजिकैबाट पक्राउ गरेको डिएसपी नरेश कुमार सिहले जानकारी दिए।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डेंगुबाट बचौं
- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।
सुरुङ्गा नगरपालिका, सप्तरी

शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं
- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं।

अनुरोधकर्ता
छिन्नमस्ता गाउँपालिका, सप्तरी

# प्रतिनिधिसभाको समानुपातिकमा कांग्रेसका पुरुषतर्फ तीन जनामात्रै

काठमाडौं, २५ मङ्सिर (रासस)।

नेपाली कांग्रेसले प्रतिनिधिसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फको एक सय १० सिटमध्ये ३२ सिट प्राप्त गरे पनि पुरुष सांसद निर्वाचित गर्न तीन जनाको नाममात्र छनोट गरेको छ।

प्रत्यक्षतर्फ कुल एक सय ६५ सिटमध्ये कांग्रेसका एक महिलामात्र निर्वाचित हुनुभएको र सङ्घीय संसद्मा महिला प्रतिनिधित्व ३३ प्रतिशत पुर्‍याउनुपर्ने संवैधानिक प्रावधानका कारण समानुपातिकमा पुरुष सङ्ख्या कम छनोट गर्नुपरेको हो।

कांग्रेस पदाधिकारी बैठकले प्रतिनिधिसभातर्फको समानुपातिक सांसद हुनेहरूको नाम शनिबार टुङ्गो लगाई निर्वाचन आयोगमा बुझाएको सहमहामन्त्री जीवन परियारले जानकारी दिनुभयो। कांग्रेसले प्रतिनिधिसभाको समानुपातिकतर्फ दलित क्लस्टरबाट जीवन परियार, खसआर्यबाट डा प्रकाशरण महत र मधेसीबाट विमलेन्द्र निधिको नाम टुङ्गो लगाएको छ।

प्रतिनिधिसभाको प्रत्यक्षतर्फ कांग्रेसबाट एक जना महिलामात्र निर्वाचित हुनुभएको र राष्ट्रियसभा हाल कांग्रेसका दुई महिला सदस्यमात्र रहनुभएकाले समानुपातिकतर्फ २९ जना महिलाको नाम पठाएको पार्टी कार्यालयले जनाएको छ।

प्रतिनिधिसभामा समानुपातिकतर्फबाट कांग्रेसले खसआर्यबाट अम्बिका बस्नेत, सरिता प्रसाईं, आरजु राणा देउवा, ईश्वरी न्यौपाने, प्रतिमा गौतम, मञ्जु खाँण, रमा कोइराला पौडेल, कान्तिका सेजुवाल, मैना रावल कार्की र डा प्रकाशशरण महतलाई चयन गरेको छ।

यसैगरी आदिवासी जनजातितर्फ सरस्वती बजिमय, लीलादेवी बोखिम (लिम्बू), सीताकुमारी राना, सुशीला थिङ, सपना राजभण्डारी, माया राई, कुसुम थापामगर, मनोरमा शेरचनको नाम आयोगमा पठाएको छ भने मधेसी क्लस्टरबाट नागिना यादव, मुक्ताकुमारी यादव, चन्दा चौधरी, सङ्गीता मण्डल, नीनुकमारी कर्ण र विमलेन्द्र निधिको नाम पठाइएको छ।

दलिततर्फबाट शान्ति विक, रुपा विक, सीता मिजार, आशा विक, जीवन परियार चयन हुनुभएको छ भने थारुबाट कल्पना चौधरी र बिनाकुमारी थनेत तथा मुस्लिमबाट जावेदा खातुन जागाको नाम पठाइएको पार्टी कार्यालयले जनाएको छ।

**अबको प्रक्रिया के हो त ?**

निर्वाचन आयोगले समानुपातिक मतगणना सम्पन्न गरेपछि समानुपातिकतर्फको उम्मेदवार निर्वाचित गर्न दलहरूलाई

***बाँकी अन्तिम पृष्ठमा***


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**


## तिलाठी कोईलाडी गाउँपालिका

तिलाठी कोईलाडी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**तिलाठी, सप्तरी,**
**मधेश प्रदेश, नेपाल**

Email ID: tilathikoiladigp@gmail.com

**प.सं. :- ०७९/०८०** मिति : २०७९।०८।२५
**च.नं. :-**

**बिषय : स्वयम्सेवक शिक्षक पदपूर्ति सम्बन्धी सूचना।**

प्रथम पटक प्रकाशित मिति : २०७९।०८।२५

उपरोक्त सम्बन्धमा यस गाउँपालिका अन्तर्गत विभिन्न सामुदायिक माध्यमिक, निम्न माध्यमिक तथा प्राथमिक विद्यालयहरुमा स्वयम्सेवक शिक्षक करार सेवामा पदपूर्ति गर्नका लागि तपसील अनुसारको सूचना प्रकाशन गरिएको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ।

**तपसील**

| तह | माध्यमिक | | | निमावि | | | | | | प्रावि |
|---|---|---|---|---|---|---|---|---|---|---|
| विज्ञापन नं. | ०२/०७९/०८० | ०३/०७९/०८० | ४/०७९/०८० | ५/०७९/०८० | ६/०७९/०८० | ७/०७९/०८० | ८/०७९/०८० | ९/०७९/०८० | १०/०७९/०८० | |
| विषय | नेपाली | सामाजिक | विज्ञान | कम्प्युटर | सामाजिक | अंग्रेजी | गणित | विज्ञान | नेपाली | २५ |
| संख्या | २ | २ | २ | ३ | १ | २ | ३ | २ | २ | |

**तह** : माध्यमिक, निम्नमाध्यमिक र प्राथमिक
**पद** : स्वयम्सेवक शिक्षक
**नियुक्तिको किसीम** : करार
**मासिक सुविधा** : कार्यपालिकाको निर्णय बमोजिम
**शैक्षिक योग्यता**
**माध्यमिकको हकमा** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातकतह उत्तीर्ण वास्नातक/स्नातकोत्तर तहमा अध्ययनरत।
**निम्न माध्यमिकको हकमा** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरेको तथा **प्राथमिकको हकमा** एसएलसी/एसईई परीक्षा उत्तीर्ण गरेको।
**उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको तर स्वयम्सेवकको रुपमा काम गरेका शिक्षकको हकमा उमेर लागू हुने छैन।
**दरखास्त दस्तुर** : मा.वि.रु. १०००-, निमावि रु. ७००-, प्रावि रु. ५००-
**परीक्षाको किसीम** : लिखित तथा अन्तर्वार्ता (परीक्षा मिति पछि तोकिने छ)
**पाठ्यक्रम** : शिक्षक सेवा आयोगले तोके बमोजिम
**दरखास्त दिने अन्तिम मिति** : २०७९/०९/१० गतेसम्म। दरखास्त दिने अन्तिम मितिमा विदा पर्न गएमा भोलिपल्ट आवेदन दिन सकिने छ।
**आवेदन बुझाउने स्थान** : तिलाठी कोइलाडी गाउँपालिका।
**आवेदन फाराम साथ पेश गर्नुपर्ने कागजातहरु** : आवेदन फारम साथ नागरिकताको प्रतिलिपी, शैक्षिक योग्यताको प्रतिलिपीहरु, स्वयम्सेवक भई कार्य गरेको भए सो को प्रमाण। कम्प्युटर शिक्षकको हकमा कम्तिमा ६ महिनाको कोर्ष अध्ययनको प्रमाण पत्र पेश गर्नु पर्नेछ।

**स्वयम्सेवक शिक्षक छनौट समिति**
**तिलाठी कोइलाडी गाउँपालिका**

# विश्व समाचार

## जर्सी टापुमा विस्फोट : तीन जनाको मृत्यु, दर्जनौं बेपत्ता

सेन्ट हेलियर, २५ मङ्सिर (रासस-एएनआई)।

शनिबार जर्सीको च्यानल टापुको एक अपार्टमेन्ट भवनमा विस्फोट हुँदा कम्तीमा तीन जनाको मृत्यु भएको छ भने एक दर्जन बेपत्ता भएका छन्। सीएनएनले उक्त टापुका मुख्यमन्त्री क्रिस्टिना मूरलाई उद्धृत गर्दै घटना बारे जनाकारी गराएको हो।

स्थानीय समयअनुसार बिहान ०४ बजे मात्रै घटनाबारे स्थानीय प्रहरीलाई खबर गरिएको थियो। राज्यका जर्सी प्रहरीका प्रमुख अधिकारी रोबिन स्मिथले घटनाबारे प्रहरीलाई खबर गरेपछि आपतकालीन सेवाले घटनास्थलमा पुगेर उद्धारकार्य अगाडि बढाएको जानकारी दिए। उक्त तीन तले भवन "पूर्णरूपमा भत्किएको" र वरपरको दृष्य हृदयविदारक देखिएको थियो।

बेपत्ताको खोजी र उद्धारकार्य तीव्र बनाइएको स्मिथले बताएका छन्। घटनाबारे थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ।

## युक्रेनको ओडेसामा १५ लाखभन्दा बढी मानिस अन्धकारमा

कीभ, २५ मङ्सिर (रासस-एएनआई)।

शनिबार युक्रेनको ओडेसामा अन्धकार छाएको छ। किनकि यहाँ ऊर्जा प्रदायक संरचना रुसी आक्रमणबाट प्रभावित भएका छन्। बन्दरगाह शहरका १५ लाखभन्दा बढी मानिस बिजुलीविहीन भएको अल जजीराले उल्लेख गरेको छ।

युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले जनतालाई सम्बोधन गर्दै ओडेसाको बन्दरगाह शहरमा ऊर्जा सुविधा कमजोर भएकाले स्थिति निकै गाह्रो हुँदै गएको बताएका छन्।

युक्रेनी अधिकारीका अनुसार निरन्तर द्वन्द्वको क्रममा इरानमा निर्मित ड्रोनद्वारा यस क्षेत्रका दुई ऊर्जा सुविधामा आक्रमण भएपछि ओडेसा बिजुलीविहीन भएको हो। अधिकारीका अनुसार शनिबार बिहानको समयमा रूसी आक्रमणले महत्त्वपूर्ण प्रसारण लाइन र मेसिनरीलाई प्रहार गरेको थियो।

अस्पताल र प्रसूति वार्डलगायत महत्त्वपूर्ण पूर्वाधारमा मात्र बिजुलीको पहुँच रहेको बताइएको छ।

"अहिलेसम्म शहर बिजुलीविहीन छ," राष्ट्रपति प्रशासनका उपप्रमुख किरिलो टिमोशेन्कोले मेसेजिङ एप टेलिग्राममा भनेका छन्।

युक्रेनको सबैभन्दा ठूलो बन्दरगाह शहर ओडेसामा यस वर्षको फेब्रुअरी २४ मा रुसले आक्रमण गर्नुअघि १० लाखभन्दा बढी जनसङ्ख्या थियो। यसैबीच नोभेम्बरमा, दक्षिणी युक्रेनको निकोपोल जिल्लामा रूसले आक्रमण गरेको र स्थिति बिग्रदै गएको जिल्ला सैन्य प्रशासनका प्रमुखले बताएका छन्।

"करिब ६० गोला र रकेट हतियार शान्तिपूर्ण बस्तीमा खसे," निकोपोल जिल्लाका प्रशासन प्रमुख येभेन येभतुसेन्कोले टेलिग्राम पोस्टमा उल्लेख गरेका छन्।

## चीन-अरब रणनीतिक साझेदारी सुदृढ गर्ने सहमति

रियाद, १५ मङ्सिर (रासस/एनएनआई)।

चीन र अरब लिगका सदस्य राष्ट्रबीच पारस्परिक सहयोग सुदृढ गर्ने सहमति भएको छ। चीनका राष्ट्रपति सी चिनफिङको साउदी अरबको राजकीय भ्रमणका क्रममा त्यस्तो सहमति भएको हो।

राष्ट्रपति सीसहित अरब लिगका २१ सदस्य राष्ट्रको सहभागितामा गत शुक्रबार भएको चीन-अरब राष्ट्र शिखर सम्मेलनमा आपसी सहयोग अभिवृद्धि तथा साझा भविष्य निर्माणका निम्ति चीन- अरब समुदायबीच सहयोग सुदृढ गर्ने सहमति भएको चिनियाँ विदेश मन्त्रालयले जनाएको छ।

पहिलोपटक भएको उक्त शिखर सम्मेलनले जारी गरेको रियाद घोषणापत्रमा चीन-अरब राष्ट्रबीच सहयोगका क्षेत्र विस्तार गर्ने, रणनीतिक साझेदारीलाई अझ फराकिलो बनाउन सम्भावनाको खोजी गर्ने तथा चीन-अरब राष्ट्र सहयोग मञ्चको प्रारुपअन्तर्गत आपसी सहयोगलाई सुदृढ तुल्याउने प्रतिबद्धता व्यक्त गरिएको छ।

एकचीन सिद्धान्तको पालना, ताइवान चीनको अविभाज्य भूभाग भएको वास्तविकताप्रति दृढ समर्थन चीनको सार्वभौमिकसत्ता र क्षेत्रीय अखण्डताको रक्षाका खातिर सहयोग गर्नेमा पनि घोषणापत्रमा विशेष जोड दिइएको छ।

सिरिया, लिबिया र यमनलगायत क्षेत्रीय सङ्कटको राजनीतिक समाधान अन्तर्राष्ट्रिय सम्झौता र सिद्धान्तका आधारमा गर्न क्षेत्रीय एवम् अन्तर्राष्ट्रिय प्रयास हुनुपर्नेमा चीन र अरब लिगका नेताहरूले आह्वान गरेका छन्।

शिखर सम्मेलनमा सहभागी नेताले युक्रेन सङ्कटको राजनीतिक समाधान खोजिनुपर्नेमा जोड दिँदै राष्ट्रसङ्घीय बडापत्रका सिद्धान्त, राष्ट्रिय सार्वभौमसत्ता र क्षेत्रीय अखण्डताका मूल्यमान्यताअनुसार शान्तिसुरक्षा कायम गर्ने वैश्विक प्रयासमा समर्थन गर्ने बताएका छन्।

# क्रिकेट विकास प्रतिष्ठानद्वारा पुस २ देखी अन्तरबिद्यालय क्रिकेट प्रतियोगिता



**दैनिक समाचारदाता**
**राजविराज, २५ मंसिर ।**

प्रत्येक बर्ष झै यस बर्ष पनि सप्तरी क्रिकेट बिकास प्रतिष्ठानद्वारा जिल्ला स्तरिय अन्तरबिधालय टि ट्वान्टी क्रिकेट प्रतियोगितालाई निरन्तरता दिईदै छ । उक्त प्रतियोगिता पुस २ गते देखि संचालन हुने भएको छ ।

शनिवार राजबिराजस्थित स्वेडेकको भवनमा आयोजित प्रतिष्ठानको बैठकले तेस्रो बर्षको प्रतियोगितालाई यस बर्ष पनि जिल्लास्तरिय प्रतियोगितालाई निरन्तरता दिईने निर्णय गरेको हो ।

सो अवसरमा प्रतिष्ठानका अध्यक्ष ईन्जिनियर ईन्द्र नारायण देवले नवयुवाहरूलाई क्रिकेट तर्फ अग्रसर गराउन र क्रिकेटलाई ब्यवसायमुखि बनाउन उद्देश्यले तीन बर्षदेखि प्रतियोगिता गर्दै आएको जानकारी दिए ।

उनले पुरूषसँगै महिलाहरूलाई पनि सशक्तिकरण गर्ने उद्देश्यले महिला क्रिकेटको बिकास सँगै खेलाडी उत्पादन गरी प्रतिभाहरूलाई उजागर गर्ने लक्ष्य रहेको बताए । चाडै बिधालयस्तरमा महिला खेलाडी उत्पादन गर्नका लागि स्कुलहरूमा छात्राहरूलाई क्रिकेट प्रशिक्षणसँगै महिला क्रिकेट प्रतियोगिता समेत गर्ने कार्यक्रम रहेको अध्यक्ष देवले जानकारी दिए ।

सो अवसरमा राजबिराज वडा ६ का वडा अध्यक्ष शशी चौधरीले क्रिकेट खेल मैदानको अभावका कारण खेलकुदको गतिविधिमा प्रभाव पारेकोले खेल मैदानको उचित ब्यवस्थापन गर्नका लागी सरोकारवाला निकाय गम्भीर हनुपर्नेमा जोड दिए । महिला क्रिकेट खेलाडीहरूको लागि खेलकुदको वातावरण बनाएर खेलकुदको गतिविधि र बिकासतर्फ सबै एकजुट भएर सहयोग गर्नुपर्ने उनको भनाई थियो ।

सो अवसरमा राजबिराज नगरपालिका वडा ६ का नवनिर्वाचित वडा अध्यक्ष शशी कुमार चौधरीलाई स्वेडकका अध्यक्ष मिरा देव र प्रतिष्ठानका अध्यक्ष ईन्द्र नारायण देवले फुलमाला, अबिर लगाई स्वागत र सम्मान पनि गरे ।

स्वेडकका अध्यक्ष देवले क्रिकेट प्रतिष्ठानको गतिबिधि संचालन गर्नका लागि स्वेडक भवनमा एउटा कोठा उपलब्ध गराउने प्रतिबद्धता पनि जनाइन् ।

नागरिक समाजका अध्यक्ष तथा क्रिकेट प्रतिष्ठानका सल्लाहस्कार थानसिंह भन्साली, बिजयानन्द झा, सबल नेपालका निर्देशक दिपक झा, शिक्स स्कुलका संचालक नरेश प्रताप साह, सप्तरी क्रिकेट संघका उपाध्यक्ष धर्मेन्द्र चौधरी, सचिव चन्दनकुमार यादब, अम्पायर संघका अध्यक्ष निरज सिँह लगायतको सहभागिता रहेको थियो ।

### *प्रतिनिधिसभाको...*

बिहीबार तीन दिनको समय प्रदान गरेको थियो । शनिबारसम्म सबै दलले समानुपातिकतर्फको उम्मेदवार निर्वाचित गर्न नामावली बुझाएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले राससलाई जानकारी दिनुभयो ।

आयोगले आइतबार उक्त नामावली उपर जाँच गर्ने, सबै क्लष्टर तथा महिलाको सङ्ख्या पुगे/नपुगेको सम्बन्धमा हेर्ने पौडेलले बताउनुभयो । दलहरूको समानुपातिक सूची केन्द्र र प्रदेश गरी आठ ठाउँमा छ । आयोगले आवश्यक जाँच र दलहरूको तयारीअनुसार सबै कार्य सम्पन्न गरी सम्भवतः सोमबार समानुपातिक सांसदको नामावली सार्वजनिक गर्ने जनाएको छ ।

यी सबै प्रक्रिया सम्पन्न गरी यही मङ्सिर अन्तिमसम्ममा प्रतिनिधिसभाको राष्ट्रपतिलाई र प्रदेशमा सम्बन्धित प्रदेश प्रमुखलाई निर्वाचनको विवरण बुझाउने आयोगको लक्ष्य रहेको प्रवक्ता पौडेलले बताउनुभयो । त्यसपछि नयाँ सरकार गठन र नयाँ संसद् बैठकको तयारी प्रारम्भ हुनेछ ।

### *मधेस...*

समानुपातिकमा दुई सिट थप्दै नौ सिट पुऱ्याएको छ ।

सङ्घीय संसदमा तेस्रो शक्ति बनेको माओवादी केन्द्र भने मधेस प्रदेशमा छैटौं बनेको छ । प्रत्यक्षतर्फ चार सिट जितेको माओवादी केन्द्रले समानुपातिकमा पनि चार सिट नै पाएर छैटौं दल बनेको हो । नेकपा (एकीकृत समाजवादी)ले प्रत्यक्षतर्फ चार र समानुपातिकतर्फ तीन गरी सात सिटसहित सातौं दल बन्दा राप्रपा, नेपाल सङ्घीय समाजवादी र नागरिक उन्मुक्ति पार्टीले प्रत्यक्षतर्फ नजिते पनि समानुपातिकतर्फ एक-एक सिट पाएर मधेस प्रदेशसभामा प्रतिनिधित्व गर्ने भएका छन् । मधेस प्रदेशमा प्रत्यक्षतर्फ छ जना स्वतन्त्र उम्मेदवारले जितेका छन् । अघिल्लो मधेस प्रदेशसभामा कांग्रेस, एमाले, माओवादी केन्द्र, लोसपा, एकीकृत समाजवादीसहित आठ दलको प्रतिनिधित्व थियो ।

# अमसोत सहकारीको बार्षिक साधारण सभा सम्पन्न

**दैनिक समाचारदाता**
**राजविराज, २५ मंसिर ।**

अमसोत सामुदायीक कृषि सहकारी संस्था लि.को १८ औं बार्षिक साधारण सभा सम्पन्न भएको छ ।



कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख राजेन्द्र प्रसाद यादवको प्रमुख आतिथ्यमा आयोजित सभामा आ.ब. ०७८/०७९ मा सस्थाले ५ करोड १२ लाख ९२ हजार ३ सय ७२ रकमको कारोबार गरी खुद नाफा २१ लख ८४ हजार २ सय ५४ रुपैया ३५ पैसा आर्जन गरिएको प्रतिवेदन सार्वजनिक गरिएको छ ।

साधारण सभामा प्रमुख अतिथि यादवले सरकारले देशलाई कृषि प्रधान भने पनि व्यवहारमा नरहेको बताए । किसानले ३५ प्रतिशत योगदान गरे पनि किसानलाई समयमा बिउ, बिजन, मल, खाद, सिचाईको उचित व्यवस्थापन गर्न नसकेको कारण उन्नति, प्रगती हुन नसकेको उनले बताए ।

किसानको समस्यातर्फ स्थानिय, प्रदेश र संघीय सरकारले उचित ध्यान नदिएकै कारण कृषिको क्षेत्रको निराशजनक अवस्था रहेको उनले आरोप लगाउँदै आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्ने प्रतिद्वता समेत ब्यक्त गरे ।

बि.स. २०६१ सालमा स्थापना भएको उक्त संस्थामा ८ सय १ जना सदस्य रहेका छन् । जसमा ७ सय ८७ जना महिला र १४ जना पुरुष आवद्ध छन् । साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्ष सुमित्रादेवी चौधरी, लेखा समितिका संयोजक कपिलदेव मण्डल, व्यस्थापकिय प्रतिवेदन व्यवस्थापक रामी यादवले प्रतिवेदन प्रस्तुत गरेका थिए ।

संस्थाका अध्यक्ष सुमित्रादेवी चौधरीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा अग्निसाईर कृष्णासवरन गापाका वडाध्यक्ष तेज नारायण यादव, युवा स्वरोजगार कोष सप्तरीका संयोजक हरि प्रसाद चौधरी, समाजसेवी रामदेव यादव, समाज सुधार ऋण वचत सहकारी संस्था लि रा.वि. ८ का अध्यक्ष भुपेन्द्र प्रसाद यादव, छेदी लाल चौधरी, कामेश्वर मण्डल, प्रदिप कुमार चौधरी, अशोक यादव, रंजिता चौधरी लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

युवा स्वरोजगार कोषबाट आर्थिक सहयोग लिएर तरकारी खेतीमा उदाहरणिय काम गरेका सन्तोषी कुमारी चौधरी, सीतादेवी तामाङ, सुष्मा तामाङ तथा बचतकर्तामा सरिता खंगलाई संस्थाले सम्मान गरेको छ ।

# जनमत पार्टीले बुझायो समानुपातिक सांसदको नाम

काठमाडौं, २५ मङ्सिर (रासस) ।

जनमत पार्टीले समानुपातिक सदस्यको नाम निर्वाचन आयोगमा बुझाएको छ । प्रतिनिधिसभा सदस्यमा प्रत्यक्षतर्फ एक सिट जितेको पार्टीले समानुपातिकतर्फ पाँच सिट प्राप्त गरेको थियो ।

पार्टीले प्रतिनिधिसभा समानुपातिक सदस्यमा अनिता साह र वशन्तकुमार कुशवाहा (मधेशी), सोनु मुर्मर र बिनिताकुमारी सिंह (आदिवासी जनजाति), अब्दुल खान (मुस्लिम) र गोमा लामा सापकोटा (खस आर्य)लाई सिफारिस गरेको छ ।

त्यसैगरी प्रदेशसभाको समानुपातिक सदस्यमा मधेस प्रदेशमा बबिता राउत र अनिताकुमारी साह (मधेशी महिला), चन्दनकुमार सिंह (मधेशी अल्पसंख्यक), रन्जुकुमारी खंग (खत्वे) (दलित महिला), वशन्तकुमार कुशवाहा (मधेशी), हसिना खातुन (मुस्लिम महिला) र भाग्यश्री कुमारी चौधरी आदिवासी जनजाती महिला सिफारिस गरिएको पार्टीका उपत्यका इन्चार्ज हरेन्द्र चौधरीले जानकारी दिनुभयो । पार्टीले लुम्बिनी प्रदेशमा समानुपातिक सदस्यमा सुमन शर्मा रायमाझी र आदिवासीतर्फ गिता गुरुङलाई सिफारिस गरेको छ ।

जनमत पार्टीले प्रत्यक्षतर्फ प्रतिनिधिसभामा एक सिट र प्रदेशसभामा मधेस प्रदेशमा छ र लुम्बिनीमा एक गरी सात प्रदेशसभा सदस्य जितेको थियो ।





**उत्पादन बढाऔं र मितव्ययी बनौं**

- स्थानीय स्रोत र साधन परिचालन गरी उत्पादन बढाऔं।
- आर्थिक रुपमा सक्षम बनौं, राष्ट्रिय पूँजी निर्माणमा योगदान पुऱ्याऔं।
- देखासिकी नगरौं, आफ्नो आर्थिक क्षमताको पहिचान गरौं।
- आर्थिक मितव्ययी बनौं, फजुल खर्च नगरौं।
- विलासिताका वस्तु तथा सेवाको अनावश्यक उपयोगलाई निरुत्साहित गरौं।
- अनावश्यक खर्च घटाएर बचत गर्ने बानीको विकास गरी विश्वसनीय बैंक तथा वित्तीय संस्थामा जम्मा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६





**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*